का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ असार २०७९,
बिहीबार
7 July 2022,
Thursday

मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक


वर्ष २०, अंक १५१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


## अन्तत: अर्थमन्त्रीको

# राजीनामा



करको दर हेरफेर गर्न अनाधिकृत व्यक्तिलाई संलग्न गराएको भनी प्रश्न उठेपछि नागरिक समाजवाबाट समेत छानविनको माग भएको थियो । सोहीअनुसार छानविन समिति गठन भएको छ र छानविन समिति गठन भए लगत्तै शर्माले मन्त्रीबाट राजीनामा दिए ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ असार ।

नयाँ बजेट निर्माणमा अनधिकृत व्यक्ति संलग्न भएको आरोप लागेपछि अर्थमन्त्री जनार्दन शर्माले पदबाट राजीनामा दिएका छन् । अर्थ मन्त्रालयस्थित सीसीटीभी क्यामराको फुटेज मेटिएको सम्बन्धमा छानबिन गर्न प्रतिनिधिसभाले समिति गठन गरेपछि अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिने घोषणा गरेका हुन् । उनले राजीनामा गर्नुपूर्व संसदलाई सम्बोधन गर्दै मन्त्रालयको सीसीटीभीबारे आफूलाई थाहा नभएको बताएका थिए ।

'कुन सीसीटीभीको क्षमता मलाई कसरी थाहा हुन्छ ? डिलिट गरेको भन्ने कुरा म खारेज गर्छु । म कसरी डिलिट गर्छु,' उनले भने । उनले संसद्मा आएर बोल्न नपाउनेगरी आफूले के कस्तो नैतिकता गुमाएँ भन्दै प्रश्न गरेका छन् । 'मैले संसद्मा आएर बोल्न नपाउने नैतिकता के कारणले गुमाएँ ? के कारणले म अनैतिक भएँ ? शर्माले भने,'जे देखियो त्यो पूर्वाग्रहको पराकाष्ठा हो ।'

साथै राजीनामा दिदैं गर्दा आफूले कुनै गल्ती नगरेको र छानबिनका लागि सहयोग गर्ने पनि बताएका छन् । 'सभामुखको पहलमा जुन छानबिन समिति बनेको छ, त्यसको स्वागत गर्छु, धन्यबाद दिन्छु,' संसदको रोष्टमबाट शर्माले भने, 'यो छानबिनका लागि मैले मार्गप्रशस्त गर्दै आफ्नो पदबाट राजीनामा दिएको घोषणा पनि गर्दछु ।' साथै उनले कमजोरी लुकाउन भन्दा पनि सत्यतथ्य विषयवस्तुको छानबिनका लागि राजीनामा दिएका दाबी समेत गरेका छन् । उनको राजीनामाको

– बाँकी पृष्ठ २ मा

आयोगको सिफारिस

# मंसिर २ मा आम चुनाव

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ असार ।

निर्वाचन आोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मंसिर २ गते शुक्रबार एकै चरणमा गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकारलाई सुझाव दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियका अनुसार यस वर्ष प्रदेश र प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्न १० अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

> प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मंसिर २ गते शुक्रबार एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकारलाई निर्वाचन आयोगले आज परामर्श दिएको छ ।
> ■ **दिनेश थपलिया**, प्रमुख निर्वाचन आयुक्त

यसअघि २०७४ सालको प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा ७ अर्ब ८० करोड रुपैयाँ खर्च लागेकामा हाल तलव भत्तामा भएको वृद्धि, मतदाता र मतदान केन्द्रको संख्या वृद्धि र निर्वाचन सामग्रीको मूल्यवृद्धि लगायतका कारण बढी खर्च लाग्ने आयोगको अनुमान छ ।

"तलब, भत्ता, दैनिक भत्ता र भ्रमण खर्च तथा अन्य सुविधामा भएको वृद्धि, मतदाता संख्यामा भएको वृद्धि, मतदानस्थल र मतदान केन्द्रहरुको बढोत्तरी, सूचना प्रविधिको प्रयोग बढाउनुपर्ने अवस्था, मतदान सामग्री तथा मतदाता शिक्षा सामग्रीको तयारीमा हुने खर्च, हालको बजार मूल्य, ढुवानी खर्च र ज्याला दररेटमा भएको वृद्धि र मुद्रा स्फिति समेतका कारणबाट ' २०७९ सम्पन्न गर्न करिब १० अर्ब खर्च हुने प्रारम्भिक अनुमान पेश गरिएको छ' आयोगका प्रवक्ता शालिग्रम शर्मा पौडेलले भने ।



बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रम शेरबहादुर देउवासँग निर्वाचन आयोगका पदाधिकारीहरु ।

# फेरि बढ्न थाल्यो कोरोना

सन् २०१९ को अन्त्यतिरबाट चीन भएर विश्वभर फैलिएको कोरोना संक्रमण फेरि बढ्न थालेको छ । बुधबार नेपालमा एकैदिन ११३ जनामा संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ असार ।

लगभग शून्य नजिक पुगेको कोरोना संक्रमण फेरि बढेको छ । बुधबार एकैदिन ११३ जनामा संक्रमण देखिएको हो । मंगलबार ९० जनामा संक्रमण देखिएको थियो । बुधबार २३ जना बढीमा संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुसार, दुई हजार ७२४ कोरोना परीक्षण गर्दा ११३ जनामा संक्रमण देखिएको हो । मन्त्रालयका प्रवक्ता डा. संगीताकौशल मिश्राका अनुसार, सक्रिय संक्रमित संख्या ४७१ पुगेको छ ।

एक हजार ५४९ जनाको पीसीआर गर्दा ९० जना र एक हजार १७५ जनाको एन्टिजेन परीक्षण गर्दा २३ जनामा संक्रमण देखिएको हो । संक्रमण मुक्त हुने संख्या भने न्यून छ । बुधबार २० जना मात्रै संक्रमणबाट मुक्त भएका छन् । संक्रमित मध्ये हाल होम आइसोलेसनमा ४६९, संस्थागत आइसोलेसनमा दुई, भेन्टिलेटरमा एक र दुई जना आइसियुमा उपचारत छन् ।



संक्रमण बढ्न थालेपछि जनस्वास्थ्य विद्हरुले आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन् । सरकारले पनि संक्रमणबाट जोगिन आग्रह गरेका छन् । दक्षिण छिमेक भारतमा पनि संक्रमण बढेकाले नेपालमा आवश्यक सतर्कता आवश्यक पर्ने उनीहरुले बताएका छन् । बुधबार भारतमा एकैदिन १६ हजार बढीमा संक्रमण देखिएको छ ।

भारतमा गएको जनवरीमा एकैदिन साढे तीन लाखसम्ममा संक्रमण देखिएको थियो । तर त्यसपछि लगातार संक्रमण घटेको थियो । अप्रिलको शुरुतिर संक्रमण दर दैनिक हजार भन्दा कममा झरेको थियो । २ अप्रिलमा ९१२ जनामा संक्रमण देखिएको थियो ।

तर फेरि संक्रमण बढेको छ । बढ्दो संक्रमण दर बुधबार आइपुग्दा १६ हजार पुगेको हो । यसअघिका वर्षहरुमा पनि भारतमा संक्रमण बढेपछि नै नेपालमा त्यसको असर देखिएको थियो । खुला सीमाना र सघन आवातजावातका कारणले भारतमा देखिएको संक्रमण नेपालमा देखिने गरेको हो ।

# 'निष्क्रिय हुँदैन महाअभियोग'

**मुकुन्द न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ असार ।

सरकारले प्रतिनिधिसभाको कार्यकाल नै सकिएपछि महाअभियोग प्रस्ताव के हुन्छ भन्ने विषयमा कानुनविदसँग छलफल सुरु गरेका छन् । प्रमुख विपक्षी नेकपा एमाले लगायतका दलहरुले पनि कानुनविदसँग राय लिएका छन् ।

संविधानको धारा ११ (१०) मा कार्यकाल सकिएपछि प्रतिनिधिसभामा विचाराधीन अवस्थामा रहेका विधेयक निष्क्रिय हुने व्यवस्था छ ।

संविधानको धारा ११ (१०) मा उल्लेख छ, 'कुनै विधेयक बिचाराधीन रहेको अवस्थामा सदनको अधिवेशनको अन्त्य भए पनि त्यस्तो विधेयकमाथि आगामी अधिवेशनमा कारबाही हुन सक्नेछ । तर, कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई बिचाराधीन रहेको वा प्रतिनिधिसभामा पारित भई राष्ट्रिय सभामा बिचाराधीन रहेको अवस्थामा प्रतिनिधि सभा विघटन भएमा वा त्यसको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।'

विधेयक निष्क्रिय हुन्छ भने महाअभियोग प्रस्ताव पनि निष्क्रिय हुन्छ भन्ने एकथरीको मत छ । संविधान र प्रतिनिधिसभा नियमावलीले



> 'दर्ता हुँदाको प्रतिनिधिसभाको कार्यकाल सकिएर नयाँ सदस्यहरु आएपछि पनि महाअभियोग प्रस्तावमाथि छलफल र निर्णय हुन सक्छ ।'

पनि महाअभियोग दर्ता हुँदाको प्रतिनिधिसभाको कार्यकाल नै सकियो भने के हुन्छ ? भन्ने विषयमा प्रष्ट केही बोलेको छैन ।

संविधानविद पुर्णमान शाक्य कार्यकाल सकिएर प्रतिनिधिसभामा नयाँ सदस्यहरु आएपछि पनि महाअभियोग प्रस्तावमाथि छलफल र निर्णय हुन सक्ने बताउँछन् । उनका अनुसार प्रतिनिधिसभाको कार्यकाल सकिँदैमा महाअभियोग प्रस्ताव निष्क्रिय हुँदैन ।

'महाअभियोग अर्धन्यायिक विषय हो । यसकारण प्रतिनिधिसभाको कार्यकाल सकिएपछि पनि महाअभियोग निष्क्रिय हुँदैन । महाअभियोग सिफारिस समितिले काम गर्छ । काम नसकिए चुनावपछि आउने संसदले फेरि बनाउने महाअभियोग सिफारिस समितिले काम गर्छ र टुंगो लगाउँछ' उनले भने ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द्रप्रसाद शर्मा कोइराला (गोविन्द बन्दी) पनि प्रतिनिधिसभाको कार्यकाल सकिँदैमा महाअभियोग निष्क्रिय नहुने बताउँछन् । बरु प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्धको महाअभियोग

– बाँकी पृष्ठ २ मा

# घरेलु कामदारको तालिम दिने १८ संस्था नवीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार

वैदेशिक रोजगार विभागले घरेलु कामदारलाई तालिम दिने डेढ दर्जन संस्था नवीकरण गरेको छ । विभागका अनुसार काठमाडौंमा दर्ता रहेका आरएम इन्टरनेशनल ट्रेनिङ सेन्टर प्रा.लि., ओरियन्ट टेक्निकल इन्स्टिच्युट एण्ड कन्सल्ट्यान्सी प्रा.लि., टप हिल मल्टिपल ट्रेनिङ सेन्टर, लि ट्रेड स्कुल प्रा.लि., नेशनल इम्प्लोइमेन्ट ट्रेनिङ सेन्टर प्रा.लि., संगम म्यानेजमेन्ट सर्भिसेज प्रा.लि, काठमाडौं इन्स्टिच्युट अफ हस्पिटालिटी म्यानेजमेन्ट, एभेन्युज ट्रेनिङ एण्ड रिसर्च प्रा.लि. र अराउण्ड द वर्ल्ड ट्रेनिङ सेन्टर प्रा.लि. नवीकरण भएका छन् ।

त्यसैगरी नवीकरण हुने अन्य संस्थाहरूमा माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि, गोल्डेन म्यानेजमेन्ट सर्भिसेज प्रा.लि., जब ओरियन्टेड ट्रेनिङ इन्स्टिच्युट प्रा.लि, समीक्षा ओरियण्टेसन सेन्टर प्रा.लि, साकुरा एसोसियट्स प्रा.लि., फारवेष्ट मल्टीस्कील प्रा.लि., इम्प्लोइमेन्ट ट्रेनिङ एण्ड ओरियन्टेशन सेन्टर प्रा.लि, समृद्धि मल्टीस्कील इन्स्टिच्युट प्रा.लि र लाइफ स्कील इन्ष्टिच्युट प्रा.लि रहेका छन् ।

त्यसैगरी विभागले वैदेशिक रोजगार व्यवसाय संचालन गर्न तथा अभिमुखीकरण तालिम संचालन गर्न इजाजतपत्र प्राप्त गरेका तर हाल अस्थायीरुपमा रोक्का रहेका संस्थाहरुको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि इजाजतपत्र नवीकरण गर्न सूचना सार्वजनिक गरेको छ । काम

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## श्रममन्त्री र यूएई राजदूतबीच भेटवार्ता



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले नेपालीका लागि यूएईमा रोजगारीका लागि नयाँ अवसर आएमा सहकार्यको आग्रह गरेका छन् । बुधबार मन्त्री कुँवरलाई भेट्न मन्त्रालय पुगेका नेपालका लागि संयुक्त अरब इमिरेटस (यूएई)का राजदूत साइद अल नक्विलाई मन्त्री कुँवरले उक्त आग्रह गरेको मन्त्रीको निजी सचिवालयले जानकारी दिएको छ ।

यूएईमा कार्यरत नेपाली श्रमिकका समस्यालाई सहजीकरण गर्ने विषयमा छलफल भएको भन्दै मन्त्रीको

– बाँकी पृष्ठ २ मा

## न्युजिल्याण्ड पठाउने भन्दै झण्डै पौने करोड ठग्ने युवती पक्राउ

**काठमाडौं/मस–** आकर्षक तलब र सुविधाको वैदेशिक रोजगारीमा न्युजिल्यान्ड पठाइदिन्छु भन्दै ६३ लाख रूपैयाँ भन्दा बढी ठगी गरेको अभियोगमा प्रहरीले एक युवतीलाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बुढानिलकण्ठ नगरपालिका-३ बस्ने २७ वर्षीया शोभा पौडेललाई पक्राउ गरेको हो । प्रहरी उपरीक्षक दिनेशकुमार

– बाँकी पृष्ठ २ मा


## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BON SWEETS AND PASTRIES शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७११०० L.T. No.: 254551 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 18 | स. काममा दक्ष | 135 | ५५,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३० गते (14 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66

Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Mobile No.: 9869691330, 9810380130, 9808117170,9806950385, 9847932530

# बुढीगंगामा आज मतदान, सुरक्षा व्यवस्था कडा



**बाजुरा/मस-** बाजुराको बुढीगंगामा बिहीबार निर्वाचन हुदैछ। स्थानीय तहको निर्वाचनका लागि सुरक्षा व्यवस्था कडा पारिएको छ। निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था कडा गरिएको प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले बताए।

मतदानस्थल र मतदान केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबाट सिनियर अधिकृतको कमाण्डमा पर्याप्त सुरक्षाकर्मी परिचालन गरिएको छ।

बुढीगंगामा १० वटा मतदानस्थल रहेका छन्। सुरक्षाको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट प्रहरी निरीक्षकको नेतृत्वको टोली खटाइएको छ।

निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीसहित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट कर्मचारी मतदान केन्द्रमा पुगीसकेका छन्। निर्वाचनका लागि आवश्यक पर्ने सबै तयारी पूरा भइसकेकाले बिहीबार बिहान ७ बजेदेखि मतदान शुरु हुने प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले जानकारी दिए।

१० वटा मतदानस्थल र १९ वटा मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृतसहित ९५ जना कर्मचारी खटाइएका छन्। गत वैशाख ३० गते भएको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेबीच मतदानमा धाँधली भएको भन्दै विवाद भएपछि मतदान नै स्थगित गरिएको थियो।

# मिटरब्याजी आरोपित दिदीभाइ पुर्पक्षका लागि थुनामा




**सप्तरी/रासस-** धन सम्पत्ति आर्जन गर्न अपराधीले गर्ने गरेको मिटरब्याजी कारोबारका मुख्य आरोपी सप्तरीका रामदेव साह तेलीका छोरा र छोरी पुर्पक्षका लागि थुनामा पुगेका छन्।

सप्तरी जिल्ला अदालतका न्यायाधीश सूर्यनाथ प्रकाश अधिकारीको इजलासले ४४ वर्षीय नन्दकिशोर साह र उनकी दिदी अनुराधा साहलाई पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठाएको अदालतले जानकारी दिएको छ।

मिटरब्याजी खडक नगरपालिका कल्याणपुरका तेलीको खोजीमा रहेको सप्तरी प्रहरीले उनका छोरा नन्दकिशोरलाई धरान बजारबाट र अनुराधालाई काठमाडौंबाट पक्राउ गरेको थियो। सप्तरीका विपन्न नागरिकको उठीबास लगाएर फरार रहेका मिटरब्याजी रामदेव साह हालसम्म पक्राउ परेका छैनन्। रामदेवसहित अन्य छ जना फरारको खोजी भइरहेको छ। आरोपितविरुद्ध सप्तरीका १७ जनाले उजुरी दिएका छन्।

प्रधानमन्त्री शेरबहादुर देउवाले मिटरब्याजी रामदेवलाई तत्काल पक्राउ गरेर अनुसन्धान अगाडि बढाउन गृहमन्त्री बालकृष्ण खाँणलाई निर्देशन दिएपछि प्रहरी सक्रिय भई उजुरी दर्ता गरेको हो। पीडितले तीन महिनाअघि नै उजुरी दिए पनि बेवास्ता गर्दै आएको सप्तरी प्रहरीले प्रधानमन्त्री र गृहमन्त्रीको निर्देशनपछि कारोबारीलाई पक्राउ गरेर कारबाही अगाडि बढाएको हो।

पीडितले ठगी तथा आपराधिक विश्वासघात गरेको भन्दै साहुकार रामदेवसँगै उनकी श्रीमती शिवकुमारी, छोरा नन्दकिशोर, छोरीहरू रेणुकुमारी र अनुराधा, नाति २१ वर्षीय चन्दनकुमार र धनुषा खरिहानी टोल बस्ने कैलाश साहलगायतविरुद्ध इलाका प्रहरी कार्यालय कल्याणपुरमा तीन महिनाअघि उजुरी दिएका थिए।

मिटरब्याजी रामदेवबाट रु १० लाख ऋण लिएकी शम्भुनाथ नगरपालिका-२ रामपुर-जमुवाकी महिलाले ब्याज मिनाहा पाउने आश्वासनमा यौन शोषणको सिकारसमेत भएको भन्दै प्रहरीमा उजुरी दिएकी छन्। पीडितका अनुसार रु १० लाख ऋणको साहुकार रामदेवले रु ३२ लाख असुलेर यौनशोषणसमेत गरेका छन्।

पीडितका अनुसार ऋण चुक्ता गरेपछि फिर्ता गर्ने गरी आफ्नो नाममा रजिष्टरी गरेको १५ कट्ठा १५ धुर जग्गासमेत तेलीले फिर्ता गरेका छैनन्। रामपुर-जमुवाको कित्ता नम्बर १८९ को १७ धुर, कित्ता नम्बर १८१ र १८७ को एक-एक कट्ठा, कित्ता नम्बर ४३ को सात कट्ठा ११ धुर र कित्ता नम्बर ५७३ को पाँच कट्ठा सात धुर जग्गा साहुकार तेलीले फिर्ता नगरेको पीडितले बताएका छन्।

पीडितका श्रीमान् रोजगारीका लागि १२ वर्षअघि मलेसिया गएका थिए। घर नजिकै जग्गा किन्ने विषयमा श्रीमान्ले सहमति दिएपछि साहुकार रामदेवसँग रु १० लाख ऋण लिएर पीडितले सात कट्ठा ११ धुर जग्गा किनेका थिइन्। नयाँ किनेको जमिनसहित उनको नाममा रहेको सबै जग्गा साहुकारले ऋण तिरेपछि फिर्ता हुने गरी आफ्नो नाममा राखेका छन्।

वैदेशिक रोजगारमा रहेका श्रीमान्ले पठाएको पैसा साहुकार तेलीलाई तिर्दै गए पनि जग्गा फिर्ता नपाएको पीडितले बताएकी छिन्। ऋण तिरेपछि सबै जग्गा फिर्ता गर्ने भनेका तेलीले रु १० लाखको रु ३२ लाख असुले पनि जग्गा फिर्ता नगरेको पीडितले बताइन्। ब्याज धेरै भयो भन्दै मिनाहा गर्ने नाममा बारम्बार बलात्कार गरेको पीडितले बताएकी छिन्।

न्यायका लागि गत मङ्सिर १२ गते पुगेकी पीडितलाई जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय कल्याणपुर पठाए पनि कल्याणपुर प्रहरीले ढिलो भएको भन्दै उजुरी लिन नमानेको पीडितले बताइन्। उनले मङ्सिर १३ गते जिल्ला हुलाक कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालयमा जाहेरी पठाएकोमा कारबाही अगाडि नबढेपछि पुस २१ गते उच्च अदालत जनकपुर राजविराज इजलासमा परमादेशका लागि निवेदन दिएकी थिइन्।

उच्च अदालत जनकपुर राजविराज इजलासले जिल्ला प्रहरी कार्यालय सप्तरीलाई पीडितको उजुरी दर्ता गर्न परमादेश दिएको थियो। न्यायाधीशद्वय नातिबाबु लामिछाने र मदन पोखरेलको संयुक्त इजलासले पीडितलाई झिकाई निजले दिएको जाहेरी सनाखत गराई निकासा दिनु भनेर प्रहरीका नाममा परमादेश गरेको थियो।

गृहमन्त्रालयको निर्देशनपछि गम्भीर बनेको सप्तरी प्रहरीले मिटरब्याजी साहुकार तेलीले विपन्न नौ जना नागरिकमाथि ज्यादती गरेको घटना पत्ता लागेको जनाएको छ। सप्तरीमा मिटरब्याजीबाट पीडित क्रमशः सार्वजनिक हुँदै गएको कारबाहीको उजुरी थपिँदै गएको छ।

# पुरुष मृत फेला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ असार

रौतहटमा एक पुरुष मृत भेटिएका छन्। रौतहट सदरमुकाम गौर वि.पि. चोक र जिल्ला प्रहरी कार्यालय बीच सडक किनारामा एक पुरुष मृत भेटिएका हुन्।

अन्दाजी ५० - ५५ वर्षका एक पुरुष मृत फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

मादक पदार्थ सेवन गरी बेहोस रहेको भन्दै कसैले कुनै वास्ता गरेका थिएनन्। तर केही बेरपछि श्वासप्रश्वास नचलेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

घटनाको सूचना पाएलगतै जिल्ला प्रहरी कार्यालय रौतहटको टोली घटनास्थल पुगेको थियो। शवलाई जिल्ला अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# ऊर्जामन्त्री भुसाल र भारतीय राजदूतबीच भेट



**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि भारतका नवनियुक्त राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन्। मन्त्रालयमा बुधबार भएको भेटवार्तामा उनीहरूबीच नेपाल र भारतबीचको आपसी सम्बन्ध र सहयोगका विषयमा छलफल भएको छ।

सो अवसरमा ऊर्जामन्त्री भुसालले नेपाल-भारतका सम्बन्ध मित्रता, समानता, सहयोग र पारस्पारिक सम्मानका साथ अगाडि बढेको स्मरण गर्दै आगामी दिनमा दुई देशको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गरिन्। उनले पछिल्लो समय नेपाल-भारतबीच ऊर्जा क्षेत्रमा महत्वपूर्ण सहकार्य भएको उल्लेख गर्दै अगामी दिनमा यो सहकार्य अझ विस्तार हुने आशा गरिन्।

मन्त्री भुसालले भनिन्, 'नेपाल-भारतबीच हाल हुँदै आएको ऊर्जा व्यापार सकारात्मक छ। हामीसँग भएको स्वच्छ ऊर्जा भारतलाई आवश्यक रहेको छ। त्यसैले आगामी दिनमा दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरी अगाडि बढ्न नेपाल इच्छुक छ। यहाँको कार्यकालमा विद्युत् व्यापारमा महत्वपूर्ण सफलता प्राप्त हुने मैले विश्वास लिएको छु।' उनले पश्चेश्वर जलविद्युत् परियोजनालाई अगाडि बढाउने साथै बाढीबाट हुने क्षतिका विषयमा दुई देशबीचको समझदारीलाई सक्रियताका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन्।

सो अवसरमा राजदूत श्रीवास्तवले दुई देशबीचको सहकार्य थप विस्तार गर्न आफूले सक्दो पहल गर्ने विश्वास दिलाए। पछिल्लो एक वर्षमा विद्युत् व्यापारका क्षेत्रमा महत्वपूर्ण उपलब्धी भएको उल्लेख गर्दै उनले भने, 'पछिल्लो एक वर्षमा विद्युत् व्यापारमा ठूलो सफलता मिलेको छ। यसमा दुवै सरकारको सहकार्य सह्रानीय छ।' आफूले विद्युत् उत्पादन एवं व्यापारका लागि निरन्तर पहल गर्ने विश्वास दिलाउँदै उनले भने, 'विद्युत् व्यापार दुवै देशका लागि फाइदाजनक विषय हो। यसमा हाम्रोतर्फबाट निरन्तर सहयोग हुनेछ।' भेटमा जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राई, सहसचिवद्वय बाबुराम भण्डारी र चिरञ्जीवी चटौत र परराष्ट्र मन्त्रालयका प्रतिनिधिको सहभागिता थियो।

# ६० बोरा चिनी बरामद



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २२ असार

नवलपरासीमा ३ लाख ५६ हजार ५ सय मूल्य बराबरको चिनी प्रहरीले नियन्त्रणमा लिएको छ। बुधबार सरावल गाउँपालिका वडा नं. ७ बरगदवास्थित छड्के चेकजाँच गर्ने क्रममा भारतबाट अबैधरुपमा ल्याउँदै गरेको ६० बोरा चिनी सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो।

ट्याक्टरमा राखेर ल्याउँदै गर्दा सशस्त्र प्रहरीको गस्ती टोलीले शंका लागेर चेक गर्न खोज्दा चालक भने ट्याक्टर छोडेर भागेका थिए।

चिनीको बिल नभेटिएपछि नियन्त्रणमा लिएको चिनी आवश्यक कारबाहीको लागि भन्सार कार्यालय महेशपुर पठाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण नवलपरासीको सूचना अधिकारी रोशन घिमीले जानकारी दिए।

### अन्ततः...

माग गर्दै नेकपा एमाले निकट युवासंघले प्रदर्शन गरेको थियो भने एमालेले सदन नै अवरुद्ध गरेको थियो। सदनदेखि सडकसम्म मन्त्री शर्माको चर्को आलोचना भएपछि राजीनामाका लागि उनी बाध्य भएका हुन्।

उनलाई बजेट निर्माणमा बिचौलिया प्रवेश, सीसीटीभी फुटेज नै डिलिट देखि लिएर आयस्रोत नखुलाई लगानी गर्न पाउने, सीमित उद्योगलाई लाभ हुनेगरी पत्रु आइरनमा भन्सार छुट दिएको आरोप लागेका छन्। त्यस्तै, निर्माणाधीन होटलले गाडी ल्याउँदा भन्सार छुट, जलविद्युत् आयोजनाले पाउने कर छुट अवधि थप, पृथ्वी शाहको शंकास्पद रकम छुटाउन आँफै सक्रिय, बजेट निर्माणमा बिचौलिया र अनधिकृत व्यक्ति सामेल, सेनेटरी प्याडमा विभेदकारी करनीति बनाएको आदि आरोप उनीमाथि लागेको छ। तरपनि, उनले आफूले गल्ती नगरेको दाबी गर्दै आएका छन्।

### छानबिन समिति गठन

अर्थमन्त्री शर्माबारेको विवाद प्रकरणको छानबिनका लागि ११ सदस्यीय विशेष समिति गठन भएको छ। अर्थमन्त्री जनार्दन शर्माले आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणका क्रममा अनधिकृत व्यक्ति प्रवेश गराएको र करको दर हेरफेर गरेको विषय छानबिनका लागि संसदीय विशेष समिति गठन गरिएको सभामुख अग्निप्रसाद सापकोटाले जानकारी गराएका हुन्।

संसदीय विशेष समितिमा सांसदहरु खगराज अधिकारी, देव गुरुङ, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल, बिमला बिक, लक्ष्मणलाल कर्ण, शक्ति बस्नेत, सरला यादव, सीताराम महतो र सुरेन्द्र यादव रहेका छन्। उनीहरुले उक्त विषयको सत्यतथ्य छानबिन गरि प्रतिवेदन बुझाउनेछन्।

### निष्क्रिय...

प्रस्तावबारे संसदमा छिट्टै छलफल हुने उनको भनाई छ।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले सो महाअभियोग प्रस्ताव तत्काल छलफलमा ल्याउन सरकारलाई दबाव दिइरहेका बेला कानुनमन्त्री बन्दीले बजेट छलफलका कारण महाअभियोग प्रस्ताव छलफलमा ढिलाइ भएको दावी गरेका छन्।

'संसदको बजेट पारित गराउनुपर्ने पहिलो दायित्व थियो। अब त्यो पास भइसकेको छ। बजेट पास भइसकेपछि बाँकी रहेको विधेयकहरु आउँदैछ। साथसाथै महाअभियोगलाई पनि छिट्टै हामी संसदमा छलफल गराउँदैछौं' उनले भने। कानुनमन्त्री बन्दीका अनुसार संसदमा छलफल गराउने विषयमा प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिमा छलफल पनि चलिराखेको छ। उनका अनुसार प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोग प्रस्ताव संसदको यसै अधिवेशनमा छलफल भएर टुंगो लगाउने सरकारको तयारी छ।

उनी भन्छन्, 'यही अधिवेशनमा त्यो छलफल भएर उहाँविरुद्ध लगाएको आरोपहरु के-के हुन, त्यो आरोपसँग सम्बद्ध प्रमाणहरु के-के हुन् ? त्यसबारे संसदमा व्यापक छलफल हुन्छ।'

जबराविरुद्ध १ फागुन २०७८ मा पाँच दलीय सत्तागठबन्धनमा आवद्ध ९८ सांसदले संसदमा महाअभियोग प्रस्ताव दर्ता गराएका थिए। दर्तालगत्तै महाअभियोग सिफारिस समिति पनि गठन भएन। प्रश्न उठेपछि प्रतिनिधिसभाले २२ फागुन २०७८ मा ११ सदस्यीय महाअभियोग सिफारिस समिति गठन गरेको थियो। तर, हालसम्म सिफारिस समितिलाई जबराविरुद्धको महाअभियोगमाथि अध्ययन गर्ने अधिकार दिइएको छैन।

### घरेलु...

कारबाही रोक्का रहेका संस्थाले आगामी आर्थिक वर्षका लागि नवीकरण भएपनि कारबाहीको रोक्का फुकुवा नभएसम्म काम गर्न भने नपाउने विभागले जनाएको छ।

### श्रममन्त्री...

निजी सचिवालयले राजदूत नक्विलाई मन्त्री कुँवरले यूएईबाट कामदारको विषयमा कुनै नयाँ प्रस्ताव आएमा दुई देशबीच आपसमा सरसल्लाह गरेर अगाडि बढ्ने जानकारी गराएको उल्लेख गरेको छ।

साथै मन्त्री कुँवरले यूएईका ठूला लगानीकर्तालाई नेपालको पर्यटन उद्योग, हाइड्रोपावर, चिकित्सा शिक्षा, इजिनियरिङ र सेवा क्षेत्रमा लगानी गर्न आह्वान समेत गरेका छन्। भेटमा मन्त्री कुँवरले केही समयपछि यूएईका श्रममन्त्रीलाई नेपाल भ्रमणमा आउनका लागि निमन्त्रणा पठाउने जानकारी गराउँदै यूएईका मन्त्रीलाई नेपाल भ्रमणमा बोलाएर त्यहाँ रहेका नेपाली कामदारका समस्या र न्यायको क्षेत्रमा विस्तृतरुपमा छलफल गर्ने योजन राजदूतलाई बताएको मन्त्रीको निजी सचिवालयले बताएको छ।

### न्युजिल्याण्ड...

आचार्यले पौडेलले सिन्धुली दुधौलीका नारायण बोगटीसहित ९ जनाबाट ६३ लाख २० हजार ठगी गरेको उजुरी परेको बताए।

पौडेलले वैदेशिक रोजगारीका लागि न्युजिल्यान्डमा मासिक एक लाख ७० हजार तलब हुने भन्दै प्रलोभन दिएर प्रतिव्यक्तिबाट १२ लाख ५० हजार रुपैयाँ लाग्ने बताएर रकम उठाएको वैदेशिक रोजगार विभागमा परेको उजुरीमा उल्लेख छ। न्युजिल्यान्डमा प्रतिष्ठित कृषि कम्पनीमा फलफुल टिप्ने काममा लगाइदिन्छु भन्दै प्रलोभनमा पारेकी पौडेल रकम लिएपछि भने सम्पर्कविहीन भएको पीडितहरूको भनाइ छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०३/२३**
**समृद्ध समाज सव रेमिट प्रा.लि.**को मिति २०७९/०२/१६ र २०७९/०२/१९ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईन्फिनिटी ग्लोबल इन्टरप्राईजेज प्रा.लि. (प्रा. लि. नं.: १३७८९९**, कायम गर्ने गरी मिति २०७९/०२/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०३/२३**
**किपु इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.**को मिति २०७८/११/२२ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इको टेक इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: २२८४२८)**, कायम गर्ने गरी मिति २०७९/०१/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रे**
**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**
**(सूचना प्रकाशित मिति २०७९/०३/२३)**
यस नगरपालिका क्षेत्र भित्र रहेको तपसिलको नदिबाट उत्खनन् हुने नदिजन्य पदार्थको संकलन तथा विकी शुल्क (आन्तरिक आय) ठेक्का बन्दोबस्तको लागि मिति २०७९/०२/१९ मा प्रकाशित सूचना बमोजीम प्राप्त बोलपत्रहरु मिति २०७९/०३/२२ गते खोलीएकोमा उक्त बोलपत्रहरुको मुल्याङ्कन गरी प्रक्रियागत रुपमा पेश भएको प्रतिवेदन अनुसार सारभुत रुपमा प्रभावग्राही रहेको र अधिकतम रकम कबोल गर्ने तपसिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदातालाई जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| कार्य नं | कार्यको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| 01/IR/2079/080 | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदि क्षेत्र (IEE मा उल्लेखित १३ वटा क्षेत्रहरुबाट) ढुंगा, वालुवा, ग्राभेल संकलन तथा विकी गर्ने कार्य | त्रिवेणी-एरोन जे.भि., कागेश्वरी मनोहरा-०६ | रु. ११,२९,००,०००.६५(एघार करोड उनान्तिस लाख रुपैया पैंसठ्ठि पैसा मात्र) |

**यूएईमा रोजगारको अवसर** | कम्पनी : TAWSEELAT DELIVERY SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः२०७९/०३/२२ चलानी नं.: ६०१८२६५० LT. No.: 265788

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 30 | 0 | स. काममा दक्ष | 2200 | ७५,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३० गते (14 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com
श्रम इजाजत नं. २९७/०५८/०५९

**साउदीमा रोजगार** | कम्पनी : EAST WEST HYPER MARKET CO
शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७१३०६ L.T. No.: 253223 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३१ गते (15 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

# तुइन चुँडिएर महाकालीमा खसे युवक

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २२ असार



दार्चुलामा एक युवक तुइन चुँडिएर महाकाली नदीमा खसेका छन् । व्याँस गाउँपालिका-२ का १८ वर्षीय सचिन बुढाथोकी बुधबार महाकाली नदीमा बेपत्ता भएका हुन् ।

भारतबाट घर फर्किने क्रममा तुइनमार्फत महाकाली तर्दा तुइन चुँडिएर बुढाथोकी बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ ।

व्याँस गाउँपालिका-२ दुम्लिङ नजिक महाकाली नदीमा बेपत्ता भएका बुढाथोकीको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी उनको खोजीमा जुटेको छ ।

यसअघि २०७८ साउन १५ गते व्याँस गाउँपालिका-२ मालगाउँका ३३ वर्षीय जयसिंह धामी भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले तुइन काट्दा महाकाली नदीमा बेपत्ता भएका थिए ।

**खोजी कार्य तीव्र बनाउन गृहको निर्देशन**

गृहमन्त्री बालकृष्ण खाँणले तुइन चुँडिएर महाकालीमा बेपत्ता युवकको खोजी कार्य तीव्र बनाउन सुरक्षा निकायलाई निर्देशन दिएका छन् । बुधबार दार्चुला जिल्लाको ब्यास गाउँपालिका-२ मा तुइनबाट भारत तर्फबाट नेपालतर्फ आउँदै गर्दा १८ वर्षीय सचिन बुढाथोकी बेपत्ता भएका हुन् ।

गृहमन्त्री खाँणले दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्याय, सशस्त्र प्रहरी बल सुदूरपश्चिम प्रदेश प्रमुख सशस्त्र प्रहरीका नायब महानिरीक्षक दुर्गाप्रसाद भट्टराई, नेपाल प्रहरीका सुदूरपश्चिम प्रदेश प्रमुख नायब महानिरीक्षक मोहन आचार्यलाई टेलिफोन गरी वेपत्ता बुढाथोकीको खोजी कार्य तिव्र बनाउन निर्देशन दिएका हुन् ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक भट्टराईले खोजी कार्य तीव्र बनाउन गृहमन्त्रीले निर्देशन दिएको तथा सशस्त्र र नेपाल प्रहरी मिलेर रातिसम्म खोज्दा पनि फेला पार्न नसकेको बताए । बिहीबार थप फौज पठाएर खोजी कार्य तीव्र बनाइने उनले बताए ।

# बढ्यो हैजाको संक्रमण



**काठमाडौं (मस)**– नेपालमा हैजाको संक्रमण हुनेको संख्या २१ पुगेको छ। पछिल्लो समय भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नम्बर-४ दुवाकोट र हेटौंडा नगरपालिकामा हैजाका संक्रमित भेटिएका इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार दुवाकोटका संक्रमितको टेकु अस्पताल र हेटौंडाका संक्रमितको विरेन्द्र सैनिक अस्पतालमा उपचार भइरहेको छ । हालसम्म २१ जना हैजाका संक्रमित पुष्टि भइसकेको महाशाखाले जनाएको छ । यसअघि काठमाडौं उपत्यकामा बागबजार, कालीमाटी, सानेपा, डिल्लीबजार, कपन, बालाजु (बोहोराटार), बल्खु, थानकोट, नैकाप, कोटेश्वर, कंलकी (खसीबजार), किर्तिपुर, कागेश्वरी मनहरा, टेकु, र ग्वार्कोमा हैजाका संक्रमित भेटिएका थिए। काठमाडौं उपत्यकाका धारा र इनारको पानी, ट्याङकरबाट वितरण गरिने र जारको पानीमा ईकोलाई र कोलिफर्म देखिएको छ ।

# बबईमा सार्वजनिक सुनुवाइ

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २२ असार

दाङको बबई गाउँपालिकामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको हो ।

बबई गाउँपालिकाका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत भीष्म कुमार मल्ल र सूचना अधिकारी भुवनचन्द वालान क्षेत्रीले गाउँपालिका भित्र भएका विकास निर्माणका विषयमा स्पष्ट गरेका थिए ।

कार्यक्रममा पालिकामा सेवा लिन आएका सेवाग्राही, विषयगत शाखाका प्रमुख, पत्रकार लगायतको उपस्थिति रहेको थियो । सेवा ग्राहीहरुले राखेका जिज्ञासाको जवाफ पालिका अध्यक्ष कुल बहादुर खत्री क्षेत्री, उपाध्यक्ष बम कुमारी खड्का, प्रमुख प्रशासकीय अधिकृत भीष्म कुमार मल्लले दिएका थिए ।

# नारायण नगरपालिका पूर्ण खोपयुक्त नगर घोषणा



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २२ असार

दैलेखको नारायण नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्ण खोपयुक्त नगरपालिका सुनिश्चितता घोषणा गरिएको हो। नगरपालिकास्थित सरोकारवाला निकायको उपस्थिति रहेको कार्यक्रममा खोपको महत्वका विषयमा जानकारी गराइएको थियो ।

राष्ट्रिय खोप तालिका अनुसार नगरका ११ वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पूर्ण खोपयुक्त सुनिश्चित पालिका घोषणा गरिएको नारायण नगरपालिकाका स्वास्थ्य शाखाका सह-संयोजक लाल बहादुर खड्काले बताए । जन्मेदेखि दुई वर्षभित्र हरेक बालबालिकाले बिसिजी, दादुरा-रुबेला, पोलियो, जापानिज इन्सेफइटिस लगायतका १२ रोगविरुद्धको खोपको मात्रा पूर्णरुपमा पाएको आधारमा पूर्ण खोप सुनिश्चितता पालिका बनेको उनले जानकारी दिए। सबै वडामा रहेका बालबालिकाहरुको खोजी गरी खोपको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाईसमेत खोपको पहुँचमा पुऱ्याई उनीहरुले सबै खालका खोप लगाइएको नगर प्रमुख लोमन शर्माले जानकारी दिए । जनताको इच्छा र चाहाना अनुसार नगरले काम गर्नेसमेत उनले प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा नारायण नगरपालिकाकी उपप्रमुख तप्ता कुमारी थापा, स्वास्थ्य सेवा कार्यालयका प्रमुख थिर प्रसाद रेग्मी, नारायण नगरपालिका स्वास्थ्य शाखाका संयोजक नग्रेन्द्र बहादुर हमाल, वडा अध्यक्षहरु, समाजसेवी, नागरिक समाज, युवा, महिला स्वयम् सेविका, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

# राजपुर स्वास्थ्य केन्द्रमा अल्ट्रासाउन्ड मेशिन सञ्चालन



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २२ असार

रौतहटको राजपुर नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमा अल्ट्रासाउन्ड मेशिन सञ्चालनमा आएको छ। नगरप्रमुख डा.राजिक आलमले स्थानीय तहको निर्वाचनमा निर्वाचित भएसँगै शपथ ग्रहणका क्रममा स्वास्थ्य केन्द्रमा अल्ट्रासाउन्ड सेवा शुरु गर्ने प्रतिबद्धता गरेका थिए । अल्ट्रासाउन्ड केन्द्रको उद्घाटन बुधबार एक कार्यक्रमकाबीच राजपुर नगरपालिकाका नगर प्रमुख आलम, उपप्रमुख जमिला असगरी र स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर खुर्सिद आलमले संयुक्त रुपमा गरेका हुन् । कार्यक्रममा नगर प्रमुख आलमले नगरवासीले स्वास्थ्य र शिक्षा सम्बन्धी समस्या भोग्न नपर्ने बताए ।

अल्ट्रासाउन्डको अभावमा हुने समस्याको समाधान भएको बताउँदै उनले स्वास्थ्य र शिक्षा क्षत्रेका समस्या समाधान गर्न आफू तयार रहेको बताए । प्राथमिक स्वास्थ्य केन्द्रमा अल्ट्रासाउन्ड शेवा शुरु भएपनि नगरवासी हर्षित बनेका छन्। कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर, प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।


## KUWAIT मा रोजगार | १. कम्पनी: SEVEN MAY FOR FOOD SUPPLIES COMPANY

शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०७३२ LT. No.: 254065 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Assistant | 5 | 1 | स. काममा दक्ष | 120 | ४९,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: ORIENTAL INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७४९६२ LT. No.: 258510 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher Asst | 1 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७०,१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Captain | 5 | 0 | | 130 | ५३,६२२ | | | | | | | |
| 3. | cleaner | 7 | 0 | | 100 | ४१,२४८ | | | | | | | |
| 4. | Kitchen Helper | 3 | 0 | | 120 | ४९,४९७ | | | | | | | |
| 5. | Waiter | 4 | 0 | | 120 | ४९,४९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असार ३० गते (14 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु. १०,०००/- कामदारले तिर्ने क.नं. २ निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com


Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply & Sewerage Management Project**
**Pokhara, Kaski**

## Notice of Intention to Award the contract

**Date of Published: June 7, 2022 (2079/03/23)**

Government of Nepal, Ministry of Water Supply, Department of Water Supply and Sewerage Management, Federal Water Supply and Sewerage Management Project, Pokhara hereby notifies and intends to award the following listed contract and publish this notice to all concerned bidders regarding our bid notice no : IFB/18/2078/79/works/fwssmp/pokhara published on 27 May, 2022 in PPMO's e-portal www.bolpatra.gov.np/egp and in Madhyanha National Daily in accordance with Public Procurement Act, 2063 Clause 27.2, 27.3 and ITB Clause 38.

| S. No. | Contract No | Name of Bidder | Total Bid Amount (including PS & VAT) |
|---|---|---|---|
| 1 | IFB/18/2078/79/works/fwssmp/pokhara | Fewa G.S. Engineering J.V., Pokhara, Kaski | 81240759.27 |

**Project Chief**


## UAE मा रोजगार | कम्पनी: RIGHT COAST DELIVERY SERVICES

शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०३/२२ चलानी नं.: ६०१८२६८२ LT. No.: 266565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 5 | 0 | स. काममा दक्ष | 1500 | ५१,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३० गते (14 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Reva Overseas Pvt. Ltd.**
Govt Lic. NO. 1070/073/074
Koteshwor-35, Tinkune, Kathmandu, Phone : 4591430
Mob.: 9851238207 , 9851119680
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np



## भूल सुधार

मिति २०७९/०३/२१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शीर्षकमा **पुर्व स्वीकृती मितिः २०७९/०३/२०, चलानी नं.:** ६०१८२५४६ र **L.T. No.: 266540** को विज्ञापनमा कम्पनीको नामः **TANA LAND TRANSPORT COMPANY** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



## भूल सुधार

मिति २०७९/०३/२२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शीर्षकमा कम्पनीको नामः **ESON BATUPAHAT PRECISION ENGINEERING SDN BHD, चलानी नं.: ६०१८२६३०, L.T. No.:266720** र **पुर्व स्वीकृती मितिः २०७९/०३/२१** को विज्ञापनमा मेनपावरको नामः **Amity Global Employment Services Pvt. Ltd.** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## साउदी र कतारमा रोजगार | १. कम्पनी: ADAWA AL-SULTAN TRADING EST.

शहर:RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१७६७ L.T. No.: 265706

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: NEW MARINA DELIVERY शहर: QATAR

पुर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९९५ L.T. No.: 265993

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 1 | 0 | स. काममा दक्ष | 2500 | ८५,५७५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | driver | 2 | 0 | | 1400 | ४७,९२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३० गते (14 July 2022) मा हुनेछ ।

